# विद्यालय तथा शैक्षिक संस्थाहरुमा अनुदान वितरण सम्बन्धी कार्यविधी-२०८२

## रोहिणी गाउँपालिका, रुपन्देही

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# विद्यालय तथा शैक्षिक संस्थाहरुमा अनुदान वितरण सम्वन्धी कार्यविधी २०८२

विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यलाइ बढी व्यवस्थीत , प्रभावकारी र पारदर्शी बनाएर विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान वितरण गर्नका लागि वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३ को उपदफा २ ज को २१ मा सामुदायिक विद्यालयहरुलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन विद्यालयको आय व्ययको लेखा अनुशासन कायम र अनुगमन नियमन बमोजिम कार्यविधि बनाइ गाउँ कार्यपालिकाको मिति २०८२।०१।२३ गतेको निर्णयबमोजिम यो कार्यविधि स्वीकृत गरिएकोछ ।

१ कार्यविधिको नाम : सामुदायिक विद्यालयहरु तथा शैक्षिक संस्थालाई अनुदान सम्वन्धी कार्यविधि २०८२

२ परिभाषा - विषय वा प्रसंगले तपशिलका शब्दावलीहरुको निम्न परिभाषा हुनेछ ।

क आधारभुत शिक्षा -कक्षा वालविकास कक्षा देखि ८ कक्षासम्मको शिक्षा वुझिनेछ ।

ख माध्यमिक शिक्षा -कक्षा ९ देखि १२ सम्मको शिक्षा वुझिनेछ ।

ग आधारभुत विद्यालय -वालविकासदेखि ८ कक्षासम्मको विद्यालय वुझिनेछ । सो शब्दले धार्मिक मदरसा समेत जनाउनेछ ।

घ माध्यमिक विद्यालय- कक्षा ९ देखि १२ कक्षासम्मको विद्यालय वुझिनेछ । सो शब्दले धार्मिक मदरसा समेत जनाउनेछ ।

च वालविकास केन्द्र -भन्नाले विद्यालयमा र समुदायमा रहेको बालविकास केन्द्र वुझिनेछ ।

छ अनुदान -भन्नाले गाउँपालिकावाट विद्यालय तथा शैक्षिक संस्थाहरुका लागि प्रदान गरिने अनुदान बुझिनेछ ।

ज सविधान- भन्नाले नेपालको संविधान बुझिनेछ ।

झ कानुन -भन्नाले अनुदान सम्वन्धमा प्रचलित कानून सार्वजिनक खरिद ऐन सार्वजनिक खरिद नियमावली आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन तथा यससम्वन्धी नियमावली भ्रमण खर्च

नियमाली , स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित आर्थिक ऐन र रोहिणी गाउँपालिकाको आर्थिक ऐन र नियमावली बुझिनेछ ।

ञ सञ्चालन तथा मसलन्द- भन्नाले विद्यालय सञ्चालनको लागि आवश्यक विभिन्न शिर्षकका खर्च बुझिनेछ ।

ट शैक्षिक संस्था -भन्नाले सामुदायिक विद्यालय, धार्मिक मदरसा र सामुदायिक सिकाइ केन्द्र बुझिनेछ।

ठ लेखा उत्तरदायी अधिकारी -भन्नाले विद्यालयको हकमा प्रधानाध्यापक र अन्य शैक्षिक संस्थाको हकमा कार्यालय प्रमुख बुझिनेछ ।

ड लेखा राख्ने कर्मचारी- भन्नाले विद्यालय तथा शैक्षिक संस्थाको लेखा स्रेस्ता राख्ने माध्यमिक तहको विद्यालयमा विद्यालय सहायक कर्मचारी र अन्य शैक्षिक सस्थाको हकमा लेखा राख्ने कर्मचारी बुझिनेछ ।

ण सामुदायिक सिकाइ केन्द्र- भन्नाले रोहिणी गाउँपालिका अन्तर्गतका सामुदायिक सिकाइ केन्द्रहरु बुझिनेछ ।

त विद्यालय - भन्नाले आधारभुत र माध्यमिक विद्यालय तथा परम्परागत/धार्मिक विद्यालय बुझिनेछ।

३ कार्यक्षेत्र - यो कार्यविधि रोहिणी गाउँपालिकाभर सञ्चालन हुनेछ ।

४ विद्यालय तथा शैक्षिक संस्थालाइ अनुदान दिन सकिने - गाउँपालिकाले विद्यालय तथा शैक्षिक संस्थालाइ तपशिलको शिर्षकमा अनुदान दिन सक्नेछ ।

१ दैनिक विद्यालय सञ्चालन तथा मसलन्द र कार्यक्रम खर्च

२ विद्यालय व्यवस्थापन समितिको पदेन सदस्य उपस्थिति सहित गरिएको निर्णयबमोजिम विद्यालय स्रोतका कर्मचारीहरु सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइकर्मी सम्वन्धी पदमा स्थायी पदपुर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट ज्यालादारीमा राख्न सकिने छ। सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ती गर्न पाइनेछैन।

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

३ विव्यसको निर्णयबमोजिम विद्यालयको झ्याल, ढोका, पडखा, धारा, शौचालय, वगैचा मर्मत सम्भार फर्निचर्स फर्निसिडं अतिरित्त कक्षा सञ्चालन तथा विवध ।

४ प्रशासनिक खर्च अन्तर्गत सामाजिक लेखापरीक्षण विद्यालय सुधार योजना तथ्यांक व्यवस्थापन लगायतका खर्च ।

५ व्यवस्थापन खर्च अन्तर्गत विजुली, पानी, वार्षिकउत्सव, विभिन्न शैक्षिक दिवस, अभिभावक शिक्षा, शिक्षक प्रोत्साहन, घरदैलो अभियान, विद्यार्थी भर्ना अभियान, शैक्षिक सामग्रि, अतिथी सत्कार ,मसलन्द सामग्रि लगायतका कार्य ।

६ विभिन्न समितिहरुको वैठक खाजाखर्च , सरस्वती पुजा , विपद व्यवस्थापन, शैक्षिक भ्रमण तथा विविध ।

७ विद्यालयले राखेका निजी स्रोतका शिक्षकहरुको तलवभत्ता र प्रोत्साहन ।

५ खर्च गर्ने तरिका - विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार प्रचलित कानुन बमोजिमको लेखा श्रेस्ता राखी खर्च गर्नुपर्नेछ ।

६ वित्तिय उत्तरदायीत्व बहन गर्नुपर्ने - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन तथा नियमावलीबमोजिम लेखा उत्तरदायी अधिकारी र लेखा राख्ने कर्मचारीले वित्तिय उत्तरदायीत्व बहन गर्नुपर्नेछ । खर्चको सम्पूर्ण जवाफदेहिता लेखाउत्तरदायी अधिकारीमा निहित हुनेछ । लेखा राख्ने कर्मचारीले सही लेखा नराखेको कारणले आर्थिक अनियमितता र क्षती भएमा विद्यालय तथा गाउँपालिकाले उत्त कर्मचारीवाट विगो बमोजिम असुलउपर गर्नुका साथै रु पाँच हजार सम्म जरिवाना गर्न सक्नेछ ।

७ अनुदान प्रक्रिया - विद्यालय तथा शैक्षिक संस्थाले कार्यक्रमअनुसार कार्यसम्पन्नपश्चातका विल भर्पाइ पेश गरेपश्चात रुजु गरेर स्वयम विद्यालय नै जवाफदेहि हुने गरी तोकिएको वजेट विद्यालयको खातामा निकासा गरिनेछ ।

कार्यविधि स्वीकृत तथा लागु मितिः २०८२।०१।२३

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३